# प्रदेश राजपत्र

प्रदेश नं. ३ प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) हेटौंडा, मकवानपुर, भदौ ०४ गते, २०७६ साल (अतिरिक्ताङ्क १४(क)

## भाग १

प्रदेश सरकार

प्रदेश नं. ३, हेटौंडा

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको

## सूचना

प्रदेश नं. ३ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०७६ सालको ऐन नं. ११

# प्रदेशस्तरमा जलचर संरक्षण र व्यवस्थापन गर्न बनेको ऐन

**प्रस्तावनाः** पर्यावरण, जलचर, जलीय वातारण, कृषिजन्य वस्तु तथा पशु पंक्षीको उचित संरक्षण तथा सम्बर्द्धन एवं सर्वसाधारण जनताको सुबिधा र आर्थिक हित कायम गर्न वान्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश जलचर संरक्षण र व्यवस्थापन ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "जल" भन्नाले ताल-तलैया, दह, खहरे, खोला, नदी-नाला, पोखरी, नहर, कुलो, रिजरभ्वायर, सिमसार, मत्स्य पालनका लागि जडान भएको पिंजडा (केज), एक्वारियम, रेसवे, मत्स्य ह्याचरी, इन्क्लोजर तथा माछा पालन गरेको धान खेतको पानी र तिनीहरुको स्रोत समेत सम्झनु पर्छ।

(ख) "जलचर" भन्नाले जल भित्र बस्ने जुनसुकै जीवलाई सम्झनु पर्छ।

(ग) "तोकिएको अधिकारी" भन्नाले प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकिएको अधिकारी सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) "निजी जल" भन्नाले व्यक्ति, संस्था विशेषले सरकारलाई मालपोत वा भूमिकर तिरी राखेको जमिनमा भएको निजहरुको हक र उपभोगको पोखरी, तलाउ वा जलाशय सम्झनु पर्छ।

(च) "प्रदेश" भन्नाले प्रदेश नम्बर तीन सम्झनु पर्छ।

(छ) "फीस ल्याडर" भन्नाले बगिरहने जलमा जलचरको आवागमनको लागि बनाइएको वैकल्पिक बाटो सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले जलचर सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

## परिच्छेद-२

## जलचर व्यवस्थापन तथा नागरिकको अधिकार

३. **जलचर समात्न तथा मार्न प्रतिबन्धः** (१) कुनै व्यक्तिले कुनै जलमा रहेको कुनै जलचरलाई समात्ने तथा मार्ने अभिप्रायले जानीजानी त्यस्तो जलमा वा त्यसको आसपासमा कुनै किसिमको विद्युतीय धार (करेण्ट), विष्फोटक पदार्थ, कारखानाहरुको फोहर पदार्थ वा विषालु र रसायनिक पदार्थको प्रयोग गर्न पाइने छैन।

तर कुनै निजी जलका धनीले अरु कुनै जलका जलचरहरुलाई क्षति नहुने गरी आफ्नो निजी जलमा जलचर समात्न तथा मार्नको लागि विषालु पदार्थ छाड्न, विद्युतीय धार (करेण्ट) र

विष्फोटक पदार्थ बाहेक जुनसुकै तरिकाको प्रयोग गर्नमा यो दफा र यस अन्तर्गतका कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन।

(२) अधिकार प्राप्त व्यक्ति बाहेक अरु कसैले पनि जलचरको संरक्षणको लागि जलमा रहेको फीस ल्याडर, बाँध तथा अन्य कुनै किसिमको संरचनाको ढोकाहरुलाई थुन्न वा भत्काउन हुँदैन।

(३) परम्परागत रुपमा माछा मारी जीविकोपार्जन गर्ने पेशा अपनाएका बोटे, माझी, दनुवार, मुसहर, पहरी लगायतका जातिलाई प्रदेश सरकारले तोकेको स्थान वाहेक यस ऐन र नियमावलीको अधिनमा रही जलचरको संरक्षण र उपयोग गर्न कुनै बाधा गरिने छैन।

४. **प्रदेश सरकारको दायित्वः** (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेका प्रजातिका जलचरहरुलाई संरक्षण र संवर्द्धन गर्नेछ।

(२) मन्त्रालयले तोकेको अधिकारीको इजाजत-पत्र बेगर कुनै पनि व्यक्तिले जानीजानी कुनै जलचरलाई समात्न, मार्न तथा चोट पुऱ्याउन पाइने छैन।

(३) उपदफा(२) बमोजिमको अधिकारीले तोकिएको ऋतु र अवस्थामा कुनै पनि जलचरहरुलाई कुनै पनि व्यक्ति निकायले जानी जानी समात्न, मार्न तथा चोट पुऱ्याउन नपाउने गरी मनाही गर्न सक्नेछ।

तर कुनै व्यक्ति विशेषको निजी जलमा रहेका जलचरहरुको सम्बन्धमा यो दफा र यस दफा अन्तर्गतका कुनै कुरा लागू हुने छैन।